# काठमाडौँ महानगरपालिका
# राजस्व छुट, मिनाहासम्बन्धी मापदण्ड, २०७८

**स्वीकृत मिति : २०७८।४।१९**

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र काठमाडौँ महानगरपालिका राजस्व ऐन, २०७५ मा भएको राजस्व छुट तथा मिनाहासम्बन्धी व्यवस्थालाई न्यायिक, जनउत्तरदायी, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा श्री सर्वोच्च अदालतबाट मिति २०७६।०७।१४ मा ०६८-WO-०२५४ को उत्प्रेषण मुद्दामा भएको आदेश समेतलाई कार्यान्वयन गर्न गराउन वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाको मिति २०७८।४।१९ को बैठकले यो **राजस्व छुट, मिनाहासम्बन्धी मापदण्ड, २०७८** स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको नाम **"काठमाडौँ महानगरपालिका राजस्व छुट मिनाहासम्बन्धी मापदण्ड, २०७८"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) **"कर अधिकृत"** भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिम्मेवारी प्राप्त महानगरपालिकाको कर्मचारीलाई समेत जनाउँछ ।

(ग) **"कर एकाइ"** भन्नाले महानगरपालिकामा करसम्बन्धी काम कारबाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त विभाग/महाशाखा/शाखा/वडा कार्यालय वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाइलाई सम्झनुपर्छ ।

(घ) **"करदाता"** भन्नाले राजस्व ऐनबमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति, फर्म वा संस्थालाई सम्झनुपर्छ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले काठमाडौँ महानगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **"प्रमुख"** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(छ) **"विभाग"** भन्नाले काठमाडौँ महानगरपालिकाको राजस्व विभागलाई सम्झनुपर्छ ।

(ज) **"महानगरपालिका"** भन्नाले काठमाडौँ महानगरपालिकालाई सम्झनुपर्छ ।

(झ) **"राजस्व ऐन"** भन्नाले काठमाडौँ महानगरपालिका राजस्व ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(ञ) **"राजस्व"** भन्नाले ऐनबमोजिम काठमाडौँ महानगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने कर, महसुल, दस्तुर, शुल्क, रोयल्टी सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुनबमोजिम सोमा लाग्ने ब्याज वा जरिवाना समेतलाई जनाउँछ ।

(ट) **"सभा"** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## राजस्व छुट, मिनाहासम्बन्धी व्यवस्था

३. **राजस्व छुट, मिनाहा माग गर्न निवेदन पेस गर्नुपर्ने :** (१) महानगरपालिकामा राजस्व बुझाउनुपर्ने दायित्व भएका करदाताले राजस्व छुट वा मिनाहाको लागि महानगरपालिकामा निवेदन पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गर्दा देहायबमोजिमका कागजातहरु संलग्न गर्नुपर्ने छ :-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) संस्थाको प्रबन्धपत्र र नियमावली/विनियावली/ विधानको प्रतिलिपि ।

(ग) सञ्चालक समितिको निर्णय ।

(घ) कर छुट मिनाहा माग गरेको आर्थिक वर्षको लेखा परीक्षणप्रतिवेदन ।

(ङ) जग्गाधनी प्रमाण पत्रको पुर्जा एवम् भवनको नक्सा र नक्सापास प्रमाणपत्र ।

(च) करजन्य सम्पत्ति/व्यवसायको वस्तुस्थिति स्पष्ट देखिने तस्विरहरु ।

(छ) नेपाल सरकारको सम्बन्धित निकायबाट कर छुटसम्बन्धी लिएको प्रमाणपत्र ।

(३) करदाता प्राकृतिक व्यक्ति भएमा उपदफा (२) को खण्ड (ङ) र (च) को अतिरिक्त नागरिकता प्रमाण पत्रको प्रतिलिपि समेत पेस गर्नुपर्ने छ ।

४. **<u>छुट तथा मिनाहाको निवेदनको जाँचबुझ :</u>** (१) करदाताले दफा ३ बमोजिम पेस गरेको निवेदनउपर महानगरपालिकाले राजस्व छुट तथा मिनाहा दिन आवश्यक र उपयुक्त छ छैन भन्ने सम्बन्धमा जाँचबुझ गर्ने छ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा देहायका प्रक्रिया पूरा गर्नुपर्ने छ :-

(क) राजस्व छुट तथा मिनाहा माग गरेको मुख्य कारणलाई पुष्टी गर्ने आधार यकिन गर्ने ।

(ख) निवेदकले पेस गरेको कागजातको अध्ययन विश्लेषण गर्ने ।

(ग) आवश्यक परेमा स्थानीय सर्जमिन गर्ने ।

(घ) निवेदकबाट राजस्व छुट तथा मिनाहाको थप पुष्ट्याई गर्ने ।

(ङ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिने ।

(च) निवेदकको सम्पत्ति/व्यवसाय व्यापारिक प्रयोजनमा प्रयोग भए नभएको यकिन गर्ने ।

(छ) राजस्व छुट मिनाहा माग गरेको सम्पत्ति/व्यवसायको प्रयोजन सामाजिक, धार्मिक, सार्वजनिक उपयोग पूर्णत मुनाफा रहित र विदेशी नियोगहरुको स्वामित्व र प्रयोगमा रहेको पुष्टी हुने नहुने यकिन गर्ने ।

(ज) राजस्व छुट तथा मिनाहा माग भएको सम्पत्ति वा व्यवसायको स्थलगत अवलोकन गरी राय सहितको प्रतिवेदन लिने ।

**५.** **छुट तथा मिनाहा दिने** : (१) यस कार्यविधिबमोजिम राजस्व छुट तथा मिनाहाका लागि पेस हुन आएको निवेदन उपर जाँचबुझ गर्दा छुट तथा मिनाहा दिन आवश्यक र उपयुक्त देखिएमा कर अधिकृतको हैसियतले प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णय गरी छुट तथा मिनाहा दिइने छ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्न कर एकाई र विभागबाट ठोस राय सहित पेस गर्नुपर्ने छ ।

**६.** **छुट मिनाहा दिने निर्णयउपर पुनरावलोकन हुन सक्ने** : (१) दफा ५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट भएको राजस्व छुट तथा मिनाहाउपर प्रमुखसमक्ष पुनरावलोकनको लागि पेस हुनसक्ने छ ।

(२) राजस्व छुट मिनाहा हुनु नपर्नेमा छुट मिनाहा भएको जानकारी महानगरपालिकालाई हुन आएमा वा सो सम्बन्धमा कुनै उजुरी परेमा उपदफा (१) बमोजिम पुनरावलोकन हुने छ ।

## परिच्छेद-३

## राजस्व छुटका क्षेत्रहरु

**७.** **सम्पत्ति करमा छुट मिनाहा** : (१) जाँचबुझ भई प्राप्त भएको प्रतिवेदनको आधारमा सम्पत्ति करमा पूर्ण वा आंशिक रुपमा छुट वा मिनाहा हुन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लाग्ने घर जग्गाको उपयोग पूर्ण रुपमा सार्वजनिक सेवा वा सामाजिक कार्यमा प्रयोग भएको प्रमाणित भएमा सम्पत्ति करमा ९५ प्रतिशत छुट हुने छ ।

(३) करदाताको सम्पत्ति आयआर्जन गर्ने कार्यमा प्रयोग भएको देखिएमा आयआर्जनमा प्रयोग भएको सम्पत्तिको अनुपातको आधारमा सम्पत्ति करमा आंशिक छुट वा मिनाहा हुनसक्ने छ ।

तर, सम्पत्ति करमा आंशिक छुट दिँदा वार्षिक सम्पत्ति करको २५ प्रतिशत भन्दा कम हुने छैन ।

(४) जुन आर्थिक वर्षको लागि सम्पत्ति करमा छुट वा मिनाहा माग भएको हो सोही वर्षको लागि घर जग्गाको प्रयोगको अवस्थाका आधारमा छुट वा मिनाहाको निर्णय हुन सक्ने छ । यस दफाबमोजिम सम्पत्ति करमा छुट वा मिनाहा हुन घरजग्गा करको बक्यौता चुक्ता भएको हुनुपर्ने छ ।

८. **घर जग्गा कर बक्यौतामा छुट, मिनाहा** : (१) घर जग्गा कर बक्यौतामा छुट वा मिनाहा दिनेसम्बन्धी व्यवस्था घर जग्गा कर ऐन, २०१९ र घर जग्गा करसम्बन्धी नियमहरु, २०२० बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार हुने छ ।

(२) उपदफा (१) बमोजिम घरजग्गा करको बक्यौतामा छुट वा मिनाहाको लागि नेपाल सरकारमा सिफारिस गर्दाको मापदण्ड यस कार्यविधिको दफा ३ र ४ बमोजिम नै हुने छ ।

९. **नक्सापास दस्तुर छुट, मिनाहा** : (१) करदाताको नाममा रहेको जग्गामा व्यवसायिक आयआर्जन प्रयोजनको लागि नभई सार्वजनिक उपभोग, सार्वजनिक सेवा वा धार्मिक कार्यमा उपभोग गर्ने गरी नक्सा पेस गरेमा कार्यपालिकाले नक्सा पासबापत लाग्ने कूल दस्तुरको दस प्रतिशतले हुन आउने रकम सेवा शुल्कबापत लिई नक्सापास दस्तुरमा पूर्ण छुट हुने गरी निर्णय गर्नसक्ने छ ।

(२) उपदफा (१) बाहेकका भवनको हकमा सो भवनको प्रयोजनको अनुपातको आधारमा कार्यपालिकाले नक्सापास दस्तुरमा आंशिक छुट गर्ने निर्णय गर्न सक्ने छ ।

(३) यस दफाबमोजिम नक्सापास दस्तुरमा छुट लिएका भवनहरुको व्यवसायिक वा आयआर्जन वा निजी प्रयोग गरेको देखिए छुट भएको नक्सापास दस्तुर असूल गरिने छ ।

१०. **सम्पत्ति करमा पूर्ण छुट वा मिनाहा** : (१) महानगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सरकारी अस्पताल, राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घर जग्गाको सम्पत्ति कर पूर्ण छुट हुने छ ।

तर, यस उपदफामा उल्लेखित घर वा घर जग्गा लिजमा लिई कसैले व्यापारिक प्रयोजनमा प्रयोग गरेको भएमा त्यस्तो प्रयोजनको अंशको

अनुपातमा लिजमा लिनेसँग सम्पत्ति कर असूल गर्न भने यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

(२) उपदफा (१) बाहेकका गुठीको स्वामित्वमा रहेको शैक्षिक संस्था, गैरसरकारी, धार्मिक, सामाजिक, आध्यात्मिक संस्था र अन्य सार्वजनिक उपयोगको स्थलहरुको उपयोगको आधारमा यस कार्यविधिको दफा ३ र ४ को मापदण्डबमोजिम सम्पत्ति करमा पूर्ण छुट वा मिनाहा दिन सकिने छ ।

## परिच्छेद-४

## विविध

११. **अन्य राजस्वमा छुट वा मिनाहा** : (१) ऐनबमोजिम महानगरपालिकाको अधिकार क्षेत्रभित्रका कर, दस्तुर र शुल्कको छुट वा मिनाहासम्बन्धी व्यवस्था प्रत्येक आर्थिक वर्षको लागि सभाबाट स्वीकृत हुने आर्थिक ऐनले तोकेबमोजिम हुने छ ।

१२. **संशोधनसम्बन्धी व्यवस्था** : यस कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्ने छ ।